**मोदी गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**पातिचौर, पर्वत**
**गण्डकी प्रदेश ।**

**परामर्श सेवा खरिद सम्बन्धी आशयपत्रको सुचना**

**प्रथम पटक सुचना प्रकाशित मिति २०७६।०६।१५ गते**

**दोस्रो पटक प्रकाशित मिति २०७६।०८।१३ गते**

यस गाँउपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम देहायको कार्य परामर्श सेवा मार्फत गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ४:०० वजे भित्र यस गाँउ गाँउपालिकाको कार्यालयमा आशयपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

| क्र.सं. | परामर्श सेवाको विवरण | आशयपत्र दर्ता गर्ने अन्तिम समय र स्थान | दर्ता भएका आशय खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|
| १. | मोदी गाँउपालिका भित्रका वडा नं १,२,३ र ५ मा अवस्थित १० वटा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि निम्न अनुसारको कार्य परामर्श तथा सेवा अन्तर्गत रहेर गर्नुपर्नेछ ।<br>● पाठ्यक्रम विकाश केन्द्र बाट अनुमति प्राप्त पाठ्यक्रममा आधारित श्रव्यदृश्य सामग्री सहित प्रविधिमैत्री एव. बालमैत्री कक्षा(प्रविधि संचालनका तथा वाल मैत्रीका लागि आवश्यक तालिमहरु सहित) विद्यालय तहमा नै संलग्न भएर शिक्षण क्रियाकलाप सञ्चालन, अनुगमन, नियमन गर्ने कार्य गर्न।<br>● विद्यालयमा आईरहेका र आउन सक्ने विद्यार्थीहरुका अभिभावक तथा त्यस टोल भित्र बसोबास गर्ने अभिभावकहरु लाई लक्षित गरि समुदायमा आधारित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन, अनुगमन, नियमन गर्ने कार्य गर्न ।<br>● विद्यालय व्यवस्थापन लाई प्रविधि मैत्रि बनाउँदै चुस्त र दुरुस्त व्यवस्थापन गर्नका साथै विद्यालयका सम्पुर्ण सुचनाहरुलाई व्यवस्थित गरि सरोकार वाला निकायको सहज पहुँचमा पुर्‍याउन र अभिभावकहरुलाई विद्यालय सँग जोडन र शिक्षकहरुलाई कक्षा शिक्षणका लागि आवश्यक मोवाईल तथा कम्प्युटरमा आधारित प्रविधिहरु यहाँको स्थानिय परिस्थिति सँग मेल खाने गरि विकाश गर्नका साथै स्थानिय स्तरमै रहेर सम्पुर्ण सरोकारवालाहरु विच लागु गर्न, यस प्रविधि संचालनका लागि आवश्यक तालिमहरु सबै सरोकारवालाहरु लाई प्रदान गर्न, अनुगमन, नियमन गर्ने कार्य गर्न ।<br>● विद्यालय सुधारका लागि आवश्यक सामुदायिक परिचालनहरु कार्य गर्न । | सूचना प्रकाशित भएको मितिले १५ औ.दिनको ४:०० बजे भित्र, अन्तिम दिन बिदा पर्न गएमा नियमानुसार । | १६ औं दिनको ११:०० बजे | |

१. व्यवसाय दर्ता, नवीकरण, कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको सो घोषणा सहितकार्य सम्पादनगर्न सक्ने आधार सहितका कागजातहरु पेश गर्नुपर्नेछ ।
२. फर्म वा कम्पनीको हकम फर्म वा कम्पनीको विवरण, सङ्गठन र कर्मचारीको विवरण पेश गर्नु पर्ने छ ।
३. फर्म वा कम्पनी स्वयंको यस कार्यकममा आवश्यक पर्ने प्रविधिहरु विकाश गर्न सक्ने, लागु गर्न सक्ने क्षमताको पुस्टाई हुनु पर्दछ । यसका साथै पाठ्यक्रम विकाश केन्द्र बाट पाठ्यक्रममा आधारित श्रव्यदृश्य सामग्रीहरुको अनुपति प्राप्त गरेको हुनु पर्नेछ ।
४.विगतमा कम्तिमा ३ वटा पालिकामा समान प्रकृतिको काम सम्पन्न गरेको अनुभवको प्रमाण पेश गर्नुपर्नेछ ।
५. फर्म वा कम्पनी विभिन्न प्रविधि विकाश गर्ने, लागु गर्ने जस्ता कार्य गरेको कम्तिमा १० बर्षको अनुभव संगालेको हुनुपर्नेछ ।
६. उल्लेखित कार्य कार्यशर्तगत विवरणमा उल्लेख भएको समय भित्र गरिसक्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**